का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३३०
- ९ माघ २०७८, आइतबार
- 23 January 2022, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।




# दलको विधानमा अनुदार आयोग

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ माघ ।

निर्वाचन आयोगले पूर्वपञ्चहरुको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को विधानबाट हिन्दू राष्ट्र र राजसंस्था हटाउन निर्देशन दिएको छ । आयोगले पत्र लेखेर राप्रपाको विधानबाट संविधानले नचिन्ने शब्दहरु हटाउन निर्देशन दिएको हो । राप्रपाको निर्वाचन आयोग हेर्ने जिम्मेवारीमा रहेका नेता झनक प्याकुरेलले बताए ।

“आयोगको पत्रलाई हामीले स्वभाविक रुपमा हेरेका छौं । नौलो कुरा होइन”, प्याकुरेल भन्छन् । पूर्व अध्यक्ष कमल थापाले भने आयोगको पत्रप्रति आपत्ति जनाएका छन् । आयोगको निर्देशन प्रजातान्त्रिक मान्यता र संविधान बिपरीत भएको थापाको भनाइ छ । तर राप्रपाको नेतृत्वले यसलाई लुकाउन खोजेको उनको आरोप छ ।

थापा गएको मंसिरमा सम्पन्न महाधिवेशनबाट अध्यक्षमा पराजित भएका थिए । थापालाई हराउँदै राप्रपाको नेतृत्वमा आएका राजेन्द्र लिङ्देनले आयोगको निर्देशनलाई हल्का रुपमा लिएको थापाको निष्कर्ष छ । तर नेता प्याकुरेलले भने हल्का रुपमा नलिएको, तर स्वभाविक भएको बताएका छन् ।



नेकपा माओवादी केन्द्रको विधानबाट वर्ग संघर्ष, साम्यवाद र जनक्रान्ति हटाउन पत्र लेखेको निर्वाचन आयोगले राप्रपाको विधानबाट हिन्दू राज्य र राजतन्त्र हटाउन निर्देशन दिएको छ ।

यसअघि पनि राप्रपाको विधानबाट हिन्दू राज्य र राजतन्त्र हटाउन निर्देशन दिएको थियो । २०७३ मा राप्रपाको विधानबाट यी दुई शब्द हटाएर दल दर्ता गरिदिएको थियो । त्यसविरुद्ध राप्रपाले सडक संघर्ष गरेको थियो । राप्रपाको सडक प्रदर्शनका क्रममा झडप समेत भएको थियो । त्यसबेला कमल थापा उपप्रधानमन्त्री थिए । आफू उपप्रधानमन्त्री भएकै बेला आयोगले पार्टी विधानमा कैंची चलाएको भन्दै सडक प्रदर्शन गर्दा केही घाइते समेत भएका थिए ।

आयोगले यसपटक पनि राप्रपाको विधानबाट ती दुई शब्द हटाएको थियो । तर आयोगले भन्दैमा विधानबाट यी शब्दहरु नहटाउने राप्रपाको अडान छ । पार्टीको मूल राजनीतिक एजेण्डा नै भएकाले यसप्रति कुनै सम्झौता नहुने प्याकुरेलको भनाइ छ ।

यसअघि नेकपा माओवादी केन्द्रको विधान संशोधन गर्न आयोगले निर्देशन दिएको थियो ।

– बाँकी पृष्ठ २ मा

# सजिलो विकल्पमा अडिएको सरकार

कोरोना भाइरसको तेस्रो लहर (नयाँ भेरियन्ट ओमिक्रोन) ले मुलुक आक्रान्त भइरहँदा सरकार भने रोकथामका निम्ति पुरानै शैली र विकल्पमा सीमित छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ माघ ।

दुई वर्ष अगाडि चीनमा पुष्टि भएर विश्वव्यापी बनेको कोरोना भाइरसको तेस्रो भेरियन्टले विश्व आक्रान्त बनेको छ । ओमिक्रोनका कारण नेपालमा संक्रमण उच्च देखिएको छ । तर रोकथाम र नागरिकको जीवनरक्षाबारे सरकराले नयाँ तरिका र प्रभावकारी शैली अपनाउन सकेको छैन ।

पहिलोपटक संक्रमण देखिदा हतारमा देशब्यापी लकडाउन गरेको सरकारले त्यसपछि अपनाउने शैली हो- स्थानीय प्रशासनले लगाउने निषेधाज्ञा र सडकमा जोरबिजोर प्रणाली । अझ विद्यालय बन्द सवैभन्दा पहिले गर्नु सरकारको नियमित तालिका जस्तो देखिएको छ ।

तर, यो विधि मात्रै पर्याप्त र प्रभावकारी नभएको विज्ञहरु बताउँछन् । शुक्रबार राति १२ बजेबाट लागू हुनेगरी उपत्यकामा जोरबिजोर प्रणाली सञ्चालन गरिएपनि त्यसको प्रभावकारिता भने कम रहेको उनीहरुको भनाई छ । जोरबिजोर प्रणाली भीड कम भएसम्म प्रभावकारी हुन नसक्ने भन्दै सरुवा रोग विशेषज्ञ शेरबहादुर पुन भन्छन्, “अफिसमा आउने कर्मचारीको पनि व्यवस्थापन भएपो जोरबिजोर प्रणालीको महत्व रहन्छ । नत्र त झन् चलेका सावर्जनिक गाडी भीडभाड हुन्छन् अनि संक्रमण फैलने डर उत्तिकै रहन्छ ।” डाक्टर पुनले भनेजस्तै उपत्यकाका भीडभाड हुने स्थानमा भने नियन्त्रण हुन सकेकै छैन ।



## ■ अप्रभावकारी प्रणाली

सरकारले कोरोना नियन्त्रणको प्रयास भन्दै जोरबिजोर गाडी सञ्चालन गरेपछि केही विज्ञ र सामाजिक सञ्जालमा यसविरुद्ध आवाज उठ्न थालेको छन् । भीडभाड हुने, मानिसको आवतजावत हुने क्षेत्रको नियन्त्रणमा भन्दा सरकारले पुरानै शैलीमा जोरबिजोर प्रणाली सञ्चालन गरेको भन्ने खालका असन्तुष्टि पनि देखिन थालेका छन् । तर, डा. पुन भने नागरिक स्वयं नै सचेत हुनुपर्ने बताउनुहुन्छ । “हामी अनावश्यक रुपमा भिडभाडमा गएर गफ गरेर बस्छौ, त्यो पनि मास्क खोलेर, अनि सरकारलाई मात्रै दोष दिएर के गर्ने ?”, उनी भन्छन् । उनको भनाइमा समय सान्दर्भिक भएपनि सरकारले नियन्त्रणका लागि भने छुट्टै प्रयास केही गर्न सकेको देखिदैंन ।

प्रधानमन्त्री शेरबहादुर देउवाले गत शुक्रबार देशवासीका नाममा सम्बोधन गरेपनि कोरोना नियन्त्रणका लागि भने ठोस् योजना भने बाहिरै आएन । सीसीएमसी बनाएर कोरोना रोकथामको प्रयास भएपनि उक्त संयन्त्र पनि खासै प्रभावकारी हुन सकेको छैन ।

पछिल्लो तथ्यांक पनि बढ्दैं गएर दिनहुँ १० हजारको हाराहारीमा संक्रमित र १० भन्दा बढीको मृत्यु हुन थालिसकेको छ । कोरोना नियन्त्रणका लागि नयाँ संयन्त्र परिचालन गरेर सरकार अघि नबढ्ने हो भने स्थिति भयावह हुनसक्ने चिकित्सकहरुको भनाई छ ।

## ■ नागरिक लापरवाही बढ्दो

पछिल्लो समय कोरोना नियन्त्रण नहुनुमा सरकार मात्रै नभएर नागरिक पनि उत्तिकै दोषी रहेको चिकित्सकहरुले बताएका छन् । विनाकाम पनि अनावश्यक स्थानमा गएर भीडभाड, जमघट गर्ने अनि मास्कको प्रयोग पनि उचित नहुने खालको समस्या देखिएको उनीहरुले बताएका हुन् ।

कोरोना देशब्यापी फैलिसकेको हुँदा स्वास्थ्य मापदण्डको कडाईका साथ पालना गर्नुको विकल्प नरहेको डा.पुनको भनाई छ । कोरोना नियन्त्रणका लागि पीसीआर परीक्षण र खोपको सहज उपलब्धता भए केही हदसम्म नियन्त्रण हुनसक्ने देखिन्छ । तर, नागरिकको लापरवाही र सरकारले कारोना नियन्त्रणमा नयाँ मापदण्ड ल्याउन नसक्दा स्थिती झनै जोखिम हुनसक्ने देखिएको छ ।

# मलेसियामा नयाँ मागपत्र प्रमाणित गर्न नेपाली दूतावासको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ ।

मलेसियाले आगामी जनवरी २८ तारेखदेखि विदेशी कामदार भर्ना प्रक्रियाको शुरूवात गर्ने भएपनि कामदारको तलब भने पुरानै कायम गरेको छ । मलेसियाको सरकारले सन् २०२० को जनवरीदेखि स्थानअनुसार १ हजार २ सय र १ हजार १ सय रिङ्गेट तलब तोकेको छ । मलेसियामा कामदारहरुको तलब न्यूनतम १ हजार ५ सय रिंगिटदेखि २ हजार रिङ्गेट हुनुपर्ने माग कोरोना महामारी अगाडिसम्म चर्को रूपमा उठेको थियो । त्यहाँको संसदमा समेत स्वदेशी तथा विदेशी कामदारका लागि तोकिएको न्यूनतम तलब बढ्दो महँगीको तुलनामा न्यून भएको आवाज उठेको थियो ।

मलेसियामा कार्यरत नेपालीसहितका विदेशी कामदारहरूले तलब वृद्धिको विषय गम्भीर चासोका साथ उठाउने गरेका छन् । नेपाली दूतावास क्वालालम्पुरले आयोजना गर्ने साप्ताहिक फेसबुक लाइभ कार्यक्रममा सहभागी अधिकांश कामदारको चासो नयाँ भर्ना खुलेकोभन्दा पनि मलेसियामा कहिलेदेखि नयाँ तलब बढ्दैछ ? भन्ने तर्फको थियो । कार्यक्रम सञ्चालन गरेका श्रम सहचारी प्रकाश पन्थीले तलब बढेकोबारे कुनै जानकारी नआएको बताए ।



मलेसियाको मानव संशाधन मन्त्रालयले प्लान्टेशन क्षेत्रमा जनवरी २८ र अन्य क्षेत्रमा फेब्रुअरी १५ तारेखदेखि नयाँ कामदार भर्नाको निर्णय गरेको जानकारी आधिकारिक रूपमा दिएको तर, तलब वृद्धिबारे केही जानकारी नआएको बताए । पन्थीले दूतावास नयाँ कामदारको मागपत्र प्रमाणिकरण गर्ने तयारीमा लागि रहेको भन्दै उनले हाललाई पुरानै न्यूनतम तलब तोकेर आएका मागपत्र प्रमाणिकरण हुने जानकारी दिए ।

मलेसियामा अघिल्लो सरकार ‘पाताकान हाराफान’ गठबन्धनले आफुहरुले निर्वाचन जिती सरकार गठन गरे मजदुरहरुको तलब देशव्यापी रुपमा कम्तीमा १५ सय रिंगिट पुऱ्याउने प्रतिबद्धता जनाएको थियो । मलेसियाका मजदुरहरुको आधिकारीक ट्रेड यूनियन मलेसियन ट्रेड यूनियन कंग्रेसले पनि सरकारमा संलग्न दलहरुले आफ्नो एक

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### विदेशस्थित नेपाली दूतावासहरुबाट पनि विद्युतीय राहदानी

**काठमाडौं/मस-** विदेशस्थित नेपाली दूतावासहरूले पनि विद्युतीय राहदानी (इ-पासपोर्ट) वितरण गर्ने भएका छन । राहदानी विभागले मंसिर १ गतदेखि विद्युतीय राहदानी वितरण कार्यको शुरूवात गरेको थियो ।

नेपाली दूतावास मलेसियाले गरेको शुक्रबारको कार्यक्रममा श्रम सहचारी प्रकाश पन्थीले मेसिन रिडेबल पासपोर्ट नवीकरणको दवाव नदिन आग्रह गर्दै केही दिनभित्रै दूतावासबाट विद्युतीय राहदानी प्रदान गर्ने तयारी भइरहेको जानकारी दिए ।

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारसहित अन्य प्रयोजनका लागि रहेका नेपालीहरूले आफ्नो राहदानीको वहाल अवधि १८ महिनाभन्दा कम भएमा नेपाली दूतावासहरूबाट राहदानी नवीकरण गराउन पाउने व्यवस्था छ । आवेदन गरेको कम्तीमा ४५ दिनभित्र नेपालीले नवीकरण भएको पासपोर्ट पाउने गरेका छन् ।

# एकैदिन १६ जनाको मृत्यु

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण शनिबार थप उच्च भएको छ । २०,१८७ जनाको परीक्षण रिपोर्ट आउँदा १०,७०३ (५० प्रतिशत बढी) मा संक्रमण पुष्टि भएको छ । शनिबार एकैदिन १६ जनाको संक्रमणबाट मृत्यु भएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ माघ ।

कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनको संक्रमण अझ बढेको छ । शनिबार एकैदिन १०,२५४ जनामा संक्रमण पुष्टि भएको छ । शुक्रबार पनि १०,७०३ जनामा संक्रमण पुष्टि भएको थियो । संक्रमित संख्या शुक्रबार भन्दा पाँच सयले घटेको छ ।

तर संक्रमण दर भने अहिलेसम्मकै उच्च देखिएको छ । शनिबार २०,१८७ जनाको परीक्षण भएको थियो । परीक्षण गरिएको मध्ये आधा भन्दा धेरैमा संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार, शनिबार ५०.७ प्रतिशतमा मानिसमा संक्रमण पुष्टि भएको छ ।

शुक्रबार पनि राजधानी उपत्यकामै धेरै संक्रमित देखिएका छन् । राजधानी उपत्यकामा शनिबार एकैदिन ५,३०६ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौंमा ३,७६२, ललितपुरमा १,११० र भक्तपुरमा ४३४ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । राजधानी उपत्यका बाहिर पनि संक्रमण दर उच्च छ ।

संक्रमित संख्या पनि उच्च दरमा बढेको छ ।

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : १०,२५४ |
| परीक्षण | : २०,१८७ |
| मृत्यु | : १६ |
| निको हुने | : ७०८ |

# संविधानको भावना र मर्म अनुसार सबै तहको निर्वाचन हुनुपर्छ : सिंह




**काठमाडौं /मस**–नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले संविधानको भावना र मर्म अनुसार सबै तहको निर्वाचन हुनुपर्ने बताएका छन् ।

डा. मिता सिंहद्वारा लिखित गणेशमान सिंहको संघर्ष बिषय पुस्तक बिमोचनपछि शनिबार चाक्सीबारीमा सञ्चारकर्मीसंग कुरा गर्दै नेता सिंहले संविधानको व्यवस्था अनुसार नै स्थानीय तह लगायत अन्य तहको निर्वाचन हुनुपर्ने बताएका हुन् । उनले निर्वाचनलाई पर ढकेलेर स्थानीय तहलाई पदाधिकारीबिहीन बनाउन नहुने धारणा पनि राखे ।

फरक प्रसंगमा नेता सिंहले महाधिवेशनपछिको परिणामलाई लिएर पार्टीभित्रका नेताहरुलाई लखेट्ने काम बन्द हुनुपर्ने धारणा राखे । उनले आगामी दिनमा पार्टीलाई शसक्त बनाउनका लागि पार्टी महाधिवेशनको निर्णयलाई स्वीकार गर्दै एकतावद्ध रुपमा अघि बढ्नुको बिकल्प नभएको बताए ।

नेता सिंहले प्रधानमन्त्रीले आफुलाई सरकारमा सहभागी गराउन कुनै प्रस्ताव नआएको भन्दै हल्लाका पछि नलाग्न सुझाव दिए ।

लेखक कनकमणि दिक्षितले दुई अधिनायकवाद (राणा र शाही शासन) विरुद्ध लडेका गणेशमान सिंहको बारेमा नयाँ पुस्तालाई चिनाउन पुस्तकले सहयोग पुग्ने विश्वास व्यक्त गरे । राजनेतामा हुनुपर्ने गुण गणेशमान सिंहसँग भएको उनको भनाई थियो । दिक्षितले लोकतन्त्र अहिलेपनि खतरामा पर्दै गएको बताए । प्राध्यापक कपिल श्रेष्ठले संघर्षशील, निश्वार्थी, बलिदानी र त्यागी नेता गणेशमान सिंह भएको बताए । नेपाली जनता र लोकतन्त्रका लागि कसैसँग सम्झौता नगर्ने नेता स्व.सिंह भएको उनको भनाई थियो ।

लेखक डा.सिंहले युवा पुस्तालाई गणेशमान सिंहले प्रजातन्त्र ल्याउनका लागि दुईपटक (विस २००७ र २०४६) गरेको संघर्षलाई बुझाउनका निम्ति उक्त पुस्तक तयार पारेको बताए । राजनीतिमा नैतिकता भयोभने प्रजातन्त्र स्थापना हुन्छ भन्ने मान्यता गणेशमान सिंहमा भएको उनको भनाई थियो ।

## मुख्यमन्त्री पोखेरलद्वारा तनहुँ जलविद्युतको निरीक्षण

# स्थानीयलाई समेटेर समयमै काम सक्न निर्देशन

**मध्यान्ह संवाददाता**
पोखरा, ८ माघ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेलले निर्माणाधीन तनहुँ जलविद्युत् आयोजना निरीक्षण गरेका छन् । तनहुँको सेती नदीमा निर्माणाधीन १ सय ४० मेगावाट क्षमताको यो नेपालकै दोस्रो जलासययुक्त परियोजना हो । जलासययुक्त परियोजना खुलेखानी बनेको ४० वर्षपछि तनहुँमा यो परियोजना सुरु भएको हो ।

मुख्यमन्त्री पोखरेलले यति ठूलो परियोजनाले तात्कालिक र दीर्घकालीन रुपमा ठूलो प्रभाव पार्ने भन्दै प्रभावित क्षेत्रका बासिन्दालाई समेटेर काम अगाडि बढाउन आग्रह गरे । उनले भने, 'मुलुकको भविष्यसँग जोडिएको यो परियोजना अगाडि बढिसकेको छ, प्रभावित क्षेत्रका बासिन्दाहरु कति विस्थापित होलान्, वातावरणीय असर पर्ला त्यसको आँकलन गरेर समस्या समाधान गर्दै अगाडि बढ्नुहोला । विस्थापित हुनेहरुले पनि गर्ब गर्न गरी योजना सञ्चालन गर्दा त्यसमा सबैले अपनत्व महसुस गर्न सक्ने उनको भनाइ थियो ।

ढिलो गरी सुरु भए पनि भइरहेको कामको गति सन्तोषजनक रहेको उनले बताए । मुख्यमन्त्री पोखरेलले डाइभर्सन, बाँध, पहिलो प्याकेज अन्तर्गगतका संरचना निर्माणस्थल, विद्युत उत्पादन गृह लगायत अवलोकन गरेका थिए । उनले भने, 'प्रकृतिको सदुपयोगका लागि विज्ञानको जरुरत पर्दोरहेछ, पहिला जे भए पनि अब यो परियोजना जतिसक्दो छिटो सक्न उनले निर्माण पक्षलाई निर्देशन दिए ।

अनुगमनमा सहभागी गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले जलासययुक्त परियोजना अहिले अपरिहार्य रहेको भन्दै यसको निर्माणका क्रममा धेरै पक्षमा ध्यान पु¥याउन आग्रह गरे । विभिन्न दातृ निकायको सफ्टलोनमा परियोजना बनिरहेकाले यसको वातावरणीय, सामाजिक प्रभावका बारेमा अध्ययन भए पनि कार्यान्वयन हुन भनेको नसकेको गुनासो आएको उनको भनाइ थियो । सेती नदीले बगाएर ल्याउने ढुंगा बालुटा गिटीका मात्रा बढी हुने भन्दै परियोजनास्थलभन्दा माथि नै यसलाई कसरी व्यवस्थित बनाउने भन्ने बारेमा अहिले नै सोच बनाउन उनको आग्रह थियो ।

उक्त अवसरमा आयोजनाका प्रबन्ध-सञ्चालक किरणकुमार श्रेष्ठले निर्माण कार्यमा भइरहेको प्रगतिबारे जानकारी गराएका थिए । परियोजनाकै अंशका रुपमा ग्रामीण विद्युतीकरणदेखि पर्यावरणीय र सामाजिक अध्ययनका कार्यहरु भइसकेर त्यही अनुसार काम भइरहेको उनको भनाइ थियो । परियोजनाका कार्यकारी प्रबन्धक राजभाइ सिल्पकारले परियोजनाको सुरुदेखि हालसम्मको कार्यप्रगतिका बारेमा जानकारी गराए ।

जलासययुक्त तनहुँ जलविद्युत परियोजनाको काम ३ प्याकेजमा विभाजन गरिएको छ । पहिलो प्याकेजअन्तर्गत १ सय ४० मिटर अग्लो ड्याम निर्माणका लागि सोङदा कर्पोरेसन, भियतनाम/कालिका कन्सट्रक्सन प्रालि नेपालले संयुक्त रुपमा काम गरिरहेका छन् । जस अन्तर्गत बाँध निर्माण गरी नदी फर्काउने काम हुनेछ ।

दोस्रो प्याकेज अन्तर्गत परियोजनाको सुरुङ, विद्युत् उत्पादन गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन पर्छन् । यसका लागि ठेकेदार कम्पनीले केबुल सुरुङ, एक्सेस सुरुङ निर्माण सकेर अहिले विद्युत उत्पादन गृहको काम गरिरहेको छ ।

तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २ सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ । अहिलेसम्म ३५ वटा टावरको जग खनिसकेको र १६ वटा टावर ठडाइएको छ कार्यकारी प्रबन्ध इन्जिनियर सिल्पकारले जानकारी गराए । परियोजनाको सबै काम विसं २०८३ असारभित्र सक्ने लक्ष्य छ ।

## दलको ....

माओवादी केन्द्रको विधानबाट वर्ग संघर्ष, जनक्रान्ति र साम्यवाद हटाउन आयोगले निर्देशन दिएको थियो । त्यसबेला माओवादी केन्द्रले पनि आयोगले सीमा नाघेको प्रतिक्रिया दिएको थियो ।

२०५२ देखि दश वर्ष सशस्त्र विद्रोह गरेको माओवादी केन्द्र २०६४ सालदेखि शान्तिपूर्ण संसदीय अभ्यासमा छ । तीन पटक सरकारकै नेतृत्व गरिसकेको छ । पुष्पकमल दाहाल प्रचण्डले २०६५ र २०७३ मा सरकारको नेतृत्व गरेका थिए । २०६९ मा बाबुराम भट्टराई माओवादी नेताकै हैसियतमा प्रधानमन्त्री बनेका थिए । राप्रपाका नेताहरु पनि पटकपटक प्रधानमन्त्री भइसकेका छन् । गणतन्त्र स्थापनापछि पनि कमल थापा दुई पटक उपप्रधानमन्त्री भइसकेका छन् । राप्रपा २०४८ सालदेखिकै चुनावमा सहभागी हुँदै आएको छ । तिनै दलहरुको विधानबाट मूल एजेण्डाप्रति असहमति जनाउँदै आयोगको पत्र लेखेको छ ।

## मलेसियामा....

वर्ष पुरानो प्रतिवद्धता भुल्न नहुने भन्दै तलब वृद्धिका पक्षमा निरन्तर आवाज उठाइरहेको छ ।

मलेसियाले कामदार आपूर्ति गर्ने सबै स्रोत मुलुकहरुसँग गरेको द्विपक्षीय सम्झौतामा आप्रवासी मजदूर र मलेसियाली कामदारका बीच न्यूनतम तलबमा भिन्नता नगर्ने सहमति गरेको छ । विगत करीब साढे तीन वर्षदेखि नयाँ कामदार जान रोकिएको मलेसियामा हाल डेढ लाखमा नेपाली कामदार रहेका छन् । मलेसियामा कामदारको तलब माग गरिए बमोजिम नै वृद्धि भएमा नेपाल आउने रेमिट्यान्समा पनि उल्लेख वृद्धि हुने अपेक्षा गरिएको छ ।

## एकैदिन..

देशभर अहिलेसम्म ७२ हजार संक्रमित उपचारत छन् । मन्त्रालयका अनुसार, ७२,८६२ जना संक्रमित उपचारत छन् । शनिबार एकैदिन १६ जनाको मृत्यु भएको छ । यसअघि तीन/चारमा रहेको संख्या एकैदिन १६ पुगेको हो । शुक्रबार संक्रमणबाट तीन जनाको मृत्यु भएको थियो ।

गएको पुस तेस्रो साता संक्रमणबाट ज्यान गुमाउने संख्या शून्य थियो । दोस्रो लहर सामान्यतर्फ जाँदा संक्रमित संख्या घटेर गएको थियो भने मृत्यु हुनेको संख्या शून्य थियो । तर दक्षिण अफ्रिका भएर फैलिएको ओमिक्रोनको संक्रमण नेपालमा समेत देखियो । दक्षिण छिमेक भारत भएर नेपाल भित्रिएको संक्रमण दुई साताभित्रै उत्कर्षमा पुगेको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशन मिति २०७८/१०/०९**

यस कार्यालयमा मिति २०७५/०२/०७ मा दर्ता भएको **प्रा.लि. नं. १८९८४७** को **भिम रोडलाइन्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**Musikot Municipality**
**Office of the Municipal Executive**
**Musikot, Rukum (West)**
**Karnali Province, Nepal**

**Invitation for Online Bids**

Date of Published : 2078.10.09 B.S. (2022.01.23 A.D.)

Office of the Municipal Executive invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically, 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security | Account Details | Estimated Amount, NRs. (Non VAT Item) |
|---|---|---|---|---|---|---|---|
| SQ/MM/ Ruk./ G.01_078 /079 | Supply and Delivery of Medicine and Medicinal Goods | 1000.00 | 2078.10.25 B.S. (2022.02.08 A.D.) | 2078.10.25 B.S. (2022.02.08 A.D.) | 40000.00 | Internal Revenue : | 1599744.88 |

**Chief Administrative Officer**

**Invitation for Bids**

**Rangeli Municipality**
**Office Of the Municipal Executive**
**Rangeli, Morang**
**Province No. 1, Nepal**

**Invitation for Electric Bids only for the Construction of Works**

Date of publication: **23-01-2022(09/10/2078)**

1. ***Rangeli Municipality*** invites electronic bids only from Nepalese eligible bidders & applying the ***Construction Form, Company*** for ***Works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rangeli Municipality, Rangeli, Morang***, mailing address-rangelimun.gov.np, Mobile No -9817316031 and email address-er. rangelimunt@gmail.com o***r may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder submits their bid electronically only & may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Agricultural Development Bank, Branch Office, Rangeli, Morang**
   **Name of Office : Rangeli Nagarpalika, Rangeli , Morang**
   **Office Account no. : Rajaswa (revenue) Shirshak no.Ga(1.1) 0601401150257011**
   **Cost of bidding document : 3000.00 for NCB & 1000.00 for SC**
4. Pre-bid meeting shall be held at Rangeli Municipality,Rangeli,Morang at **13/02/2022(01/11/2078)** ***0n 13.00hrs*** *for NCB*
5. Electronic bids must be submitted to Rangeli Municipality,Rangeli ,Morang through PPMO website **www.bolpatra.gov.np/egp**on or before **12.00 on 23/02/2022(11/11/2078).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on ***13.00,*** **23/02/2022(11/11/2078)** at the office of ***Rangeli Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. **Information to deposit the Bid security in Bank:** Name of the Bank: **Agricultural Development Bank, Rangeli,Morang, Deposit no- Ga(3.1)0601401150257079.**Name of Office: ***Rangeli Nagarpalika, Rangeli, Morang.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of Works**

| S.N. | Contract Identification No. | Name of Project | Estimated Amount without Vat | Bid security Amount NRs. | Remarks (Bidding Cost) |
|---|---|---|---|---|---|
| 1 | NCB/ Rangeli / works /24/078-79 | Construction of Shahid gate in Dropati Marga, RCC drain in Guditole, Retaining wall in Madhuwani Pond & Boundary wall & Painting work in Madhuwani School , Rangeli-6.Morang | 2086233.23 | 60000.00 | 3000 |
| 2 | NCB/ Rangeli / works /26/078-79 | Construction of 11.0m Span of Double Box Culvert over Mariya Khola, Malangbaba Simsar Kshetra, Gudi Tole-6, Rangeli , Morang | 7179747.26 | 205000.00 | 3000 |
| 3 | NCB/ Rangeli / works /27/078-79 | Costruction of Karmakar Samudayik Building ,Daulatpur(Aamtola), Rangeli -3, Morang | 1763395.53 | 51000.00 | 3000 |
| 4 | NCB/ Rangeli / works /28/078-79 | Construction of Police Barrack .Area Police Office , Rangeli -6, Morang | 5503373.92 | 160000.00 | 3000 |
| 5 | NCB/ Rangeli / works /29/078-79 | Construction of Plum concrete for retaining wall in Kunna paini & Aamgachi APF Barrack Road , Jageshwor mandal ko ghar agadi ko gabion step dhalan,Rangeli-5 | 1897338.89 | 55000.00 | 3000 |

**Chief Administrative officer**

# खोप नलगाउनेहरु कोरोना संक्रमणको उच्च जोखिममा



**काठमाडौं /मस**–कोरोना भाइरसको तेस्रो लहरमा मृत्यु हुनेमा अधिकांश खोप नलगाउनेहरु रहेको पाइएको छ। अधिकांश खोप नलगाएका वा लगाए पनि ज्येष्ठ नागरिक, प्रतिरोधक क्षमता कम भएकाहरुको मृत्यु भएको तथ्यांकले देखाएको हो ।

वीर अस्पतालस्थित कोरोना युनिफाइड केन्द्रीय अस्पतालका अनुसार संक्रमणले पछिल्लो तीन दिनमा मृत्यु भएका पाँच जनाले नै कोरोनाविरुद्धको खोप नलगाएको पाइएको हो । स्वास्थ्य मन्त्रालयका अनुसार अन्य स्वास्थ्य संस्थामा समेत खोप नलगाएका वा लगाए पनि ज्येष्ठ नागरिक, प्रतिरोधक क्षमता कम भएका वा अरू रोग लागेका संक्रमितको मृत्यु भएको छ ।

दोस्रो लहरको डेल्टा भेरिएन्टको दाँजोमा ओमिक्रोन संक्रमणमा मृत्यु दर कम रहेको छ। तेस्रो लहर शुरु भएयता शनिबारसम्म ५० जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ। यसअघि दैनिक ३-४ जनाले ज्यान गुमाउने गरेकोमा यो संख्या बढेर १६ पुगेको हो। कोरोना संक्रमण उच्चदरमा फैलिएसँगै मृत्यु हुनेको संख्या पनि बढ्न थालेपछि जोखिम झन् बढेको छ। कोरानाका कारण हालसम्म ११ हजार ६ सय ५१ जनाले ज्यान गुमाइसकेका छन् ।

यसैगरी पछिल्लो २४ घण्टामा नेपालमा थप १० हजार २५४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। २० हजार १८७ जनामा कोरोना परीक्षण गर्दा पीसीआरबाट ८ हजार २१२ र एन्टिजेनबाट २ दुई ४२ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

काठमाडौं उपत्यकामा ५ हजार ३ सय ६ संक्रमित थपिएका छन् । काठमाडौंमा ३ हजार ७ सय ६२, भक्तपुरमा ४ सय ३४ र ललितपुरमा १ हजार १ सय १० संक्रमित थपिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । योसँगै नेपालमा कोरोना संक्रमित हुनेको संख्या १० लाख १६ हजार ८ सय ५ पुगेको छ ।

# जसपाका दर्जनौं नेता–कार्यकर्ता नेकपा (एस)मा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ माघ

जसपा रौतहटका दर्जनौं नेता कार्यकर्ता नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीमा प्रवेश गरेका छन् । जनता समाजवादी पार्टी नेपाल रौतहटका जिल्ला समिति सदस्य एवं माधव नारायण नगरपालिका वडा नं ७ का वडा प्रत्यासी प्रभावशाली जुझारु नेता डाक्टर



उमेश अधिकारीसहितका नेता कार्यकर्ताहरु नेकपा(एस)मा प्रवेश गरेका हुन् ।

शनिबार एक कार्यक्रमकाबीच रौतहट सदरमुकाम गौरमा रहेको साईमन रेस्टुरेन्टको हलमा उनीहरुलाई पार्टी प्रवेश गराइएको थियो । कोरोनाको तेस्रो भेरियण्टको नियमपालन गरेर २५ भन्दा कम जनाको सहभागिता रहेको थियो ।

पार्टीका प्रभावशाली नेताहरु नेकपा एसमा प्रवेश गरेपछि जनता समाजवादी पार्टीमा ठूलो झट्का लागेको छ । कार्यक्रम प्रमुख अतिथि नेकपा एसका पोलिट ब्यूरो सदस्य एवं प्रतिनिधि सभा सदस्य सरला यादवले फुल माला अबिरले स्वागत गरी पार्टीमा प्रवेश गराएकी हुन् । कार्यक्रममा नेकपा एस रौतहटको अध्यक्ष कमल यादव, गौर नगरपालिकाको मेयर प्रत्यासी शम्भु साह लगायत नेताहरुको सहभागिता रहेको थियो ।

## Invitation for Bids

## Chainpur Municipality

### Office of The Municipal Executive

**Chainpur, Sankhuwashava**
**Province No.1, Nepal**
**First Date of publication: 2078/10/09**

1. ***The Chainpur Municipality, Chainpur, Sankhuwashava*** invites electronic bids for Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures. Only eligible bidders should participate in the bidding **.**

| S.N | Contract Number | Description of work | Estimated Amount in Nrs. (inclusive VAT) | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Price of Bid Document | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | CM/NCB/ W/06/078/079 | Upgrading of Kharang-Hattisude Piluwadobhan Road(2nd package) | 67,48,812/- | 175000/- | 120 days from deadline for submission of bids | 3000/- | Single stage Single Envelope |
| 2 | CM/NCB/ W/07/078/079 | Pokhari Mayam Thampokhari Road | 6234823.78 | 175000/- | 120 days from deadline for submission of bids | 3000/- | Single stage Single Envelope |

2. Eligible Bidders may obtain further information from the office Of ***Chainpur Municipality, Chainpur, Sankhuwashava*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Rastriya Banijya Bank, Chainpur Branch
   **Name of Office:** Chainpur Municipality, Chainpur, Sankhuwashava
   **Antarik Rajaswa Account no.:** 2030100301010002 (For bid document Purchase)
   **Dharauti Account no.:** 2030100303000002 (For bid security deposit)
4. Pre-bid meeting shall not be held.
5. Last Date of bid purchase is 30 days from date of bid publication in office time .
6. Sealed or electronic bids must be submitted to the office ***of Chainpur Municipality*** through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 hrs of 2078/11/10***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hrs of 2078/11/10*** at the office of ***Chainpur Municipality, Chainpur, Sankhuwashava***.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning any reasons whatsoever.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulation 2064 and other prevalling rules and regulations of Nepal.


## QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INTERNATIONAL HEAVY EQUIPMENT & TRANSPORT** शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/१०/०७ चलानी नं.: ६०१७३०९२ LT. No.: 256386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Condition Tech | 2 | 0 | स. काममा दक्ष | 1100 | ३५,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 2 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 3. | Driver | 10 | 0 | | 1400 | ४५,७२४ | | | | | | | |
| 4. | Electric | 1 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 5. | Electro-mechanical Technician | 2 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |
| 6. | Heavy Equipment Driver | 10 | 0 | | 3000 | ९७,९८० | | | | | | | |
| 7. | Heavy Vehicle Driver | 30 | 0 | | 2200 | ७१,८५२ | | | | | | | |
| 8. | Mechanic | 2 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |
| 9. | Mechanic Technician Hydraulic | 5 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |
| 10. | Pipe Fitter | 2 | 0 | | 1000 | ३२,६६० | | | | | | | |
| 11. | Technician | 4 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 12. | Technician Gen. | 3 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 13. | Tile Maker | 2 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 14. | Weld Technician | 2 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १६ गते (30 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Chapalkarkhana, Kathmandu Tel: 01-4518268
Mobile No. 9801070598, 9851121142,9840611250
Email: info@Palivinternational.com, palivinternational74@gmail.com | URL: www.palivinternational.com


**प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
**महाकाली प्रादेशिक अस्पताल**
**कन्चनपुर**

## बोलपत्र प्रकाशित सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/१०/०९ ( 23 Jan. 2022)

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यको लागि बोलपत्र सम्बन्धि प्रकाशित सुचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटि र **http://www.bolpatra.gov.np/egp** मा राखिएको व्यहोरा अनुरोध छ ।

| S.N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price NRs) | Bid Validity/Bid Bond V alidity Period |
|---|---|---|---|---|---|
| 1. | 11/MPH/NCB/ GOODS/2078/ 079-Package A | Procurement of Medicine items for Pharmacy | 228000.00 | 3000.00 | 90 Days / 120 days From Last date of Bid Submission. |
| 2 | 11/MPH/NCB/ GOODS/2078/ 079-Package -B | Procurement of Surgical items for Pharmacy | 248000.00 | | |

**मेडिकल सुपरिन्टेण्डेण्ट**


**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौं

सम्पर्क **Hilton Academy** of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484


## INVITATION FOR BIDS

### Office of the Temkemaiyung Rural Muncipality

**Bhojpur**
**Contract Identification No: 16/TRM/BHO/TB/078/079**
**Date of Second Publication: 2078 /10/09 (2022/01/23)**
**(No e-bidding option)**

1. The Government of Nepal **(GoN)** has allocated its funds to **Temkemaiyung Rural Muncipality, Bhojpur** for Trail Bridge Program and the TRM intends to apply the funds to cover eligible payments under the **Contract for Supply of fabricated steel parts for Trial Bridge Sector Wide Programme (TBSWAp).** Bid is open to all eligible Nepalese Bidders.
2. **Temkemaiyung Rural Muncipality, Bhojpur** invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Short Span Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years or enlisted by DoLIDAR are eligible for bidding. New fabricators may also apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLIDAR may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfil the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the **Temkemaiyung Rural Muncipality, Bhojpur**, Mobile no:- **9842099571, 9841982509**
5. A complete set of Bidding Documents may be purchased from the office: **Temkemaiyung Rural Muncipality, Bhojpur**, by eligible Bidders on the submission of a written application, along with the copy of company / firm registration certificate and upon payment of a non-refundable fee of ***NRs 1,000. (One thousand)*** **till 2078/10/23 (2022/01/06), at office time**. If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of NRs 1000.00***(One thousand)***. However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.
   Name of the Bank: ***Machhapuchchhre Bank Limited, Temkemaiyung***
   Name of Office: ***Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur***
   Office Account Name***:*** **Ga 1.1 Aantarik Rajaswa Khata**
   Office Account no.: **0880067575500031**
   Rajaswa (revenue) Shirshak no.: Ga 1.1
6. The Bidders shall deposit the non-refundable fee of Bidding Documents as specified above either by direct deposit or by Tele-transfer and must submit scanned electronic copy (pdf format) of the bank deposit voucher or Tele-transfer certificate along with the electronic bid files.
7. Bids must be submitted to the **Temkemaiyung Rural Muncipality, Bhojpur** on or before **12:00 noon on 2078/10/24(2022/02/07)**.
8. Bids shall be opened physically immediately after the bid submission deadline on **2078/10/24(2022/02/07), 14:00 hr** on the presence of Bidder's representatives who choose to attend at the Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur. Bids must be valid for a period of 90 days after the deadline of bid submission date and must be accompanied by bid security, amounting to a minimum of sum mentioned in the table given below, which shall be valid for 30 days beyond the bid validity period.
9. If bidder wishes to submit the Bid Security in the form of cash, the bidder has to deposit cash in **Deposit Account No: 0880067575500062**, **Office Account Name: Ga-3 Isthaniya taha Dharauti Khata, Temkemaiyung Rural Municipality, Name of Bank: Machhapuchchhre Bank Limited, Annapurna, Bhojpur** and submit bank deposit voucher along with the bid.
10. If the last date of purchasing, submission and opening falls on government holiday then the next working day shall be considered as the last day.
11. Pre-bid Meeting shall be held at the **Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur** on **2078/10/17 (2022/01/31) at 14:00 hrs.**
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
13. The name and identification number of the contract are as follows:

| SN | Contract Identification No. | Name of Project | Estimated Amount (Without VAT) | Bid Security Amount | Security Validity at least upto | Minimum Qualification |
|---|---|---|---|---|---|---|
| 1 | 16/TRM/ BHO/ TB/078/ 079 | Procurement of fabricated steel parts for Package I: Trial Bridge Sector Wide Programme (TBSWAp) Pikhuwa Khola Trial Biddge Temkemaiyung-1,Bhojpur(span 75.0m) | NRs. 10,92,638.07 | NRs. 28,000 | 120 days | Minimum five years work experience in same field or registered in DoLIDAR |

**Administrative Officer**

## सम्पादकीय

# राज्यको खोजी

कोरानो भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण बढिरहँदा मुलुकभर मौसममा पनि बदली आएको छ । जल तथा मौसम विज्ञान विज्ञागले सोमबारसम्म वर्षा हुने अनुमान गरेको छ । शनिबारबाटै हल्का वर्षा शुरू भएको छ । यो वर्षा देशभर हुने अनुमान गरिएको छ । पछिल्लो समय विभागको अनुमान प्रमाणित हुने गरेकाले सोमबारसम्म वर्षाका कारण उत्पन्न कठिनाइतिर केन्द्रीत हुन जरूरी छ । शनिबारबाटै हिमाली क्षेत्रमा हिमपात शुरू भइसकेको छ । उच्च पहाडी क्षेत्रमा अत्याधिक चिसो बढेको छ भने तराई मधेशका जिल्लाहरूमा शितलहरको समस्या छ । यसको अर्थ कोरोना महामारीसँगै चिसोको समस्या बढेको छ । कोरोना संक्रमणको लक्षण रूघाखोकी, ज्वरो लगायत भएकाले चिसोमा अझ नागरिकमा कठिनाइ पर्न सक्छ ।

सरकारले एउटा मात्रै समस्याको हल गर्न सकिरहेको छैन । यस्तोमा अब चिसो र महामारी दुवैबाट नागरिकको जीवनरक्षा चुनौती बनेको छ । अझ पुस अन्तिम साातादेखि उत्कर्षतिर बढिरहेको संक्रमण घट्न सकेको छैन । शनिबार अहिलेसम्मकै उच्च संक्रमण दर देखिएको छ । परीक्षण गरिएका मध्ये ५०.७ प्रतिशतमा संक्रमण पुष्टि भएको छ । २०,१८७ जनामा परीक्षण गराउँदा १०,२५४ जनामा संक्रमण पुष्टि भएको छ । मृत्यु हुने संख्या ठूलो संख्यामा बढेको छ । शुक्रबार तीन जनाको संक्रमणबाट मृत्यु भएको थियो । तर शनिबार १६ जनाको संक्रमणबाट मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

तसर्थ नागरिकलाई यतिबेला राज्यको साथ सवैभन्दा धेरै आवश्यकता परेको छ । सामान्य अवस्थामा नागरिकले राज्यसँग ठूलो अपेक्षा राख्दैन । तर विशेष अवस्थामा राज्यको अनुभूति चाहन्छ । अहिले संक्रमण बढिरहेको राजधानी उपत्यकामा स्वास्थ्य उपचारको खाँचो धेरै छ । संक्रमित मध्ये आधा भन्दा धेरै राजधानी उपत्यकामा संक्रमित रहेकाले पनि राजधानीका अस्पताल र स्वास्थ्य उपचारको प्रबन्ध तयारी अवस्थामा राख्न जरूरी छ । शनिबार काठमाडौंमा ३,७६२, ललितपुरमा १,११० र भक्तपुरमा ४३४ जनामा संक्रमण पुष्टि भएको छ । देशभर सक्रिय संक्रमित संख्या ७२ हजार नाघेको छ । यी संक्रमितको संख्या हेरेर पनि अस्पताल र स्वास्थ्य उपचारबारे आवश्यक तयारी ढिलाइ गर्न हुन्न । चिसो जस्ता नियमित प्राकृतिक समस्याबाट नागरिकलाई जोगाउन नसक्नु त राज्यको गम्भीर अक्षमता हो ।

## सन्दर्भ स्वस्थानी व्रतकथा

# शालिनदी र बज्रयोगिनी

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

साँखुबजारबाट एक-डेढ किलोमिटर पूर्वतर्फ शाली नदी क्षेत्र रहेको छ । प्रसिद्ध नदीकै नामबाट यो क्षेत्र शाली नदी क्षेत्रले चिनिन्छ । शालीनदी श्री स्वस्थानीदेवीको अति पावनपीठ हो । पौषशुक्ल पूर्णिमादेखि माघशुक्ल पूर्णिमासम्म यहाँ श्री स्वस्थानी देवीको व्रत उपासना गरिन्छ । स्कन्दपुराण, केदारखण्डका अनुसार हरेक हिन्दु धर्मावलम्बीहरूका घरघरमा श्री स्वस्थानी देवीको व्रत उपासना गर्ने, स्वस्थानी कथा भन्ने, सुन्ने चलन रहेको छ । स्वस्थानी व्रत कथाअनुसार सत्ययुगमा हिमालय पुत्री पार्वतीले महादेवलाई पति पाउन यो व्रत गरेकी थिइन् । माघस्नान गर्ने क्रममा शालीनदीमा स्नान गरी नजिकै रहेका हरिहरको पूजाआराधना र स्वस्थानी देवीको पूजा गरेमा इच्छित फल प्राप्त हुन्छ । शाली नदीको जल अर्चन गर्दैमा पनि शरीरको रोग निको हुने, आरोग्य प्राप्ति हुने, तनमा कान्ति र मनमा शान्ति प्राप्त हुने विश्वास गरिन्छ । अघि यहीँ व्रतउपासना गरेर कुरूप भएकी चन्द्रावतीले सुन्दर वदनयुक्त शरीर प्राप्त गरेकी थिइन् ।



शाली नदीमा स्नान गरेर चन्द्रावतीले गुमेका आफ्ना पति नवराजलाई पाएकी थिइन् । शरीरमा नवकान्ति प्राप्त गरेर नजिकै रहेको लावण्य देशकी रानी भएकी थिइन् । गोमानामकी ब्राह्मणीले हराएको आफ्नो पुत्र नवराजलाई प्राप्त गरेकी थिइन् । विछोड भएका नाग-नागिनीको पुनर्मिलन भएको थियो । धनधान्य र आफ्नो अटल सौभाग्य अनि वैभव प्राप्त गर्न चाहनेहरू श्री स्वस्थानीको उपासना शालीनदी क्षेत्रमा बसेर गर्ने गर्छन् । वर्षेनी हजारौं व्रतालुहरू शाली नदीमा स्नान गर्ने गर्छन् । हातगोडाको नङ काटी, शुद्ध भई, एकभक्तिले रही, नित्य महादेवको पूजा गरी, ठूलो उत्साहका साथ व्रत उपासना गर्छन् । तिनीहरू ब्रतकै क्रममा चाँगुनारायण, पनौती, पशुपति क्षेत्रसम्म पुग्छन् । व्रतप्रतिष्ठा गर्दै माघ शुक्ल पूर्णिमामा श्री स्वस्थानी देवीको व्रत साङ्गे गरी विशेष यज्ञसमेत गर्छन् । माघ महिनामा शाली नदी क्षेत्र साँखुशहर नयाँ दुलहीझैं झपक्क सिँगारिएको हुन्छ । साँखुलाई पहिले लावण्य देश भनिन्थ्यो । नवराज राजाले राज्य गरेको क्षेत्र अहिले पनि सुन्दर छ । कुनै बेला यहाँ शंखदेव नामक राजाले राज्य गरेका थिए भन्ने भनाइ छ । यसअर्थमा यहाँको नाम शंखपुर र पछि शंखरापुर भनिन थाल्यो । शंखरापुर पछि अपभ्रंश हुँदै साँखु नामले चिनिन पुग्यो ।

शाली नदी क्षेत्रमा प्रसिद्ध माधव नारायणको मूर्ति, ठूला-ठूला पाटी र सत्तलहरू छन् । यहाँ सधैंजसो कथा प्रवचनहरू भैरहन्छन् । ४०० मिटर जति दक्षिण समथरक्षेत्रमा चन्द्रावतीको शिला छ । स्वस्थानी कथाअनुसार यहाँ चन्द्रावतीलाई डोलीमा बोकेर ल्याउँदा हावा-हुरीमा परी लडेका डोलेका शिलाहरू पनि छन् । चन्द्रावती बस्ने सानो छाप्रो (कुटी) पनि छ । स्वर्गदेखि अप्सराहरू आएर यहाँ माघस्नान र श्री स्वस्थानीदेवीको पूजा उपासना गरेकाले यो क्षेत्र पुण्य क्षेत्र भएको हो । यसै क्षेत्रमा बसेर चन्द्रावतीले स्वस्थानीदेवीको उपासना गरेकी हुन् । स्वस्थानीदेवीको स्वरूप यस्तो छ । सुवर्णवर्णकी, तीन नेत्रधारी, प्रसन्न मुद्रामा रहेकी, कमलनयनी, सिँहासनमा बसेकी, ४ हात भएकी देवीले सम्पूर्ण भक्तहरूको मनोकाङक्षा पूरा गर्छिन् भन्ने जनविश्वास रहेको छ । एक हातमा नीलकमल, अर्को हातमा शंख र अर्को हातमा ढाल अनि अर्को हातमा वरदमुद्रा लिएकी देवीले आमभक्तहरूको सदिच्छालाई साकार पार्छिन् । स्वस्थानीको शाब्दिक अर्थ हुन्छ- आ-आफ्नो स्थानमा बसेर आ-आफ्नो भूमिका र कर्तव्य निर्वाह गर्नु, पथभ्रष्ट नहुनु, कर्तव्यच्यूत नहुनु, सम्पूर्ण क्षेत्रबाट सबैले आ-आफ्नो पदीयआचरण, मर्यादाअनुकुलको विधिव्यवहार गर्न सकेमा सबैतिरको कल्याण हुन्छ ।

साँखु (शंखरापुर) प्राचीन समयदेखि नै पावन क्षेत्र हो । बजारको उत्तरढोका बाहिरपट्टि प्रसिद्ध ६४ ज्योतिर्लिङ्ग मध्येको पावन ज्योतिर्लिङ्गेश्वर मन्दिर रहेको छ । परम्परागत शैलीमा निर्मित यो मन्दिरमा सुनको जलप लगाइएको गजुर छ । इँटाको गाह्रो, झिँगटीको छानो भएको दुईतले कलात्मक मन्दिरलाई ज्योतिर्लिङ्गेश्वर मन्दिरको नामले चिनिन्छ । नित्य पूजा-आरती भइरहने यो मन्दिरको पूर्व, दक्षिण र उत्तर समेत तीनैतिर सडकले छोएको छ भने उत्तरपट्टि खालि जमिन कैलाशक्षेत्र छ । गणेश, शिव, देवीहरूका मन्दिर पनि रहेको यो क्षेत्रमा शालीनदी स्नान गरी यहाँ विशेष पूजा गर्नेहरूको भीड लाग्छ । शिव र शक्तिको संयुक्त उपासना गर्ने नेपाली परम्परा अनुसार शिवजी विराजमान रहनुभएको यो क्षेत्रमा दर्शनार्थीहरूको घुइँचो लाग्ने गर्छ । वैशाख शुक्ल पूर्णिमाका दिन यस मन्दिर परिसरमा विशेष पर्वपूजा हुने गर्छ । १ महिनासम्म भनिने स्वस्थानी सत्ययुगीन इतिहास हो ।

> कलियुगमा सदा यज्ञ, हवनादि कार्य सम्भव हुँदैन । पर्वविशेषको तीर्थ स्नानबाट यसको पूर्ति हुने कुरा शास्त्रहरुले पुष्टि गरेका छन् । स्वस्थानी श्रवण, विभिन्न क्षेत्रहरुमा गरिने पुण्यकर्मले सत्य, त्रेता, द्वापर आदि युग विशेषमा मानवले गर्ने सत्कर्मको फल प्राप्त हुने हुन्छ ।

कलियुगमा सदा यज्ञ, हवनादि कार्य सम्भव हुँदैन । पर्वविशेषको तीर्थ स्नानबाट यसको पूर्ति हुने कुरा शास्त्रहरुले पुष्टि गरेका छन् । स्वस्थानी श्रवण, विभिन्न क्षेत्रहरुमा गरिने पुण्यकर्मले सत्य, त्रेता, द्वापर आदि युग विशेषमा मानवले गर्ने सत्कर्मको फल प्राप्त हुने हुन्छ । मानव जीवनको उषाकाल सत्ययुग हो, ज्ञानको आरम्भको समय त्रेतायुग हो । ज्ञानको प्रयोगको समय द्वापरयुग हो । कलियुग धर्म र कर्म दुवैको समय हो । स्नानले तनशुद्धि, दानले धन शुद्धि, ध्यानले मनशुद्धि हुन्छ । दानमा महिना विशेष, समय विशेष तोकिएको छ । गाई, भूमि, तिल, बस्त्र, सुन, धान्यादि बस्तुहरुको दानले तन, मन, धन सबै पवित्र बन्छ । वैशाखमा जल र अन्नदानको महत्व बढी छ भने कार्तिकमा तप र पूजाको अधिक महत्व छ । माघमा भने यी सबै पुण्य केवल स्नानले मात्रै प्राप्त हुन्छ । सकाम भावले स्नान गरे मनोरथ पूरा हुने र निस्कामभावले स्नान गरे जीवनमा परमगति प्राप्त हुन्छ । अन्य पुण्यकर्मले स्वर्ग प्राप्ति र पुण्य क्षीण भएपछि स्वर्गबाट फिर्ता हुनुपर्छ भने माघ स्नानबाट सदाको लागि दिव्यधाम प्राप्त हुने कुरामा शास्त्रहरुले गर्जन गरेका छन् ।

बज्रयोगिनीको चर्चा गर्दा सृष्टिको उषाकालमा विष्णुका पसीनाबाट उदय भएका मधुकैटभ सृष्टिकर्ता ब्रह्मप्रति जाइलागे । ब्रह्माजी डराएर योगनिद्रामा रहेका विष्णुलाई जागा भएपछि त्रिदेव ब्रह्मा, विष्णु र शिवले संयुक्त रूपमा स्तुति गरेकाले देवीको नाम योगिनी रहेको र योगिनी देवीको कृपाबाट मोह र क्रोधरूपी मधुकैटभलाई वध गर्न सफल भए । यी देवीको निवास स्थानलाई योग कुटपर्वत भनिन्छ । तान्त्रिक विधिबाट नित्य वज्रयोगिनीको पूजा हुने गर्छ । काठमाडौं खाल्डोबाट चोभारको डाँडो काटी पानी बाहिर पठाउन र स्वयम्भू स्तूपको निर्माण गर्न मञ्जुश्रीलाई प्रेरणा दिने देवी यिनै हुन् भन्ने विश्वास गरिन्छ । वज्रयोगिनीदेवी एक प्रसिद्ध शक्तिपीठ हुन् ।

काठमाडौं उपत्यकाको उत्तरपूर्व मणिचूडडाँडोमा वज्रयोगिनी मन्दिर रहेको छ । काठमाडौंबाट करीब २२ कि.मि.को दुरीमा साँखुबजार छ । साँखुबजारदेखि उत्तर उकाली चढ्दै गएपछि वज्रयोगिनीमन्दिर पुग्न सकिन्छ । यो मन्दिर नेपाली शैलीमा बनेको छ । तीनतले यो मन्दिर अलि एकान्त स्थलमा छ । वरिपरि घनाजङ्गल छ । शहरलाई ८ देवीहरूले रक्षा गरेका छन् भन्ने जनश्रुति रहेको छ । लिच्छविकालको अभिलेखले साँखुशहर बौद्धतीर्थ हो भन्ने पनि जनाउँछ । हिन्दुहरूले प्रसिद्ध वज्रयोगिनीलाई काठमाडौंको दक्षिणतर्फ रहेकी दक्षिणकालीकै रूपमा मनाउँछन् ।

वज्रयोगिनीको अर्को नाम डाकिनी पनि हो । हिन्दुहरूले ६४ ज्योतिर्लिङ्गलाई शिवलिङ्गका रूपमा विशेषगरी मनाएझैं ६४ योगिनीका रूपमा भगवतीलाई मनाउँछन् । ६४ योगिनीमा नैरात्मायोगिनी, खड्गयोगिनी, विद्यायोगिनी आदि प्रमुख हुन् । देवमालावंशावलीका अनुसार वज्रयोगिनीको मन्दिर सन् ८२४ मा निर्माण भएको हो । नेपालमा रहेका विभिन्न पीठहरूको अध्ययन गर्दा हालसम्म अन्यत्र क्षेत्रमा योगिनीदेवीको मन्दिर भेटिएको छैन । स्कन्दपुराण, हिमवत्खण्ड नेपालमाहात्म्यमा 'ने' - नामक मुनिले योगिनीदेवीको विशेष उपासना गरी देवीको वरदकृपाबाट नेपालको स्थापना गरेका हुन् भन्ने उल्लेख भएको पाइन्छ । यसअनुसार ने मुनिले नेपालको स्थापना गर्न यिनै देवीको कृपाप्रसाद प्राप्त गरेको आंकलन सहजै गर्न सकिन्छ । तन्त्रशास्त्रमा वज्रयोगिनीको स्वरूप बताइएको छ । देवीको स्वरूप र ध्यान मुद्रा फरक-फरक छ ।

शरीरमा छिरविरे रंगको नरम पहिरन भएकी यी देवीको मुख भने पूर्णचन्द्र जस्तो छ । मृगनयनी, रसिला ओठ, सिन्दुर र चन्दनलेपन गरेकी, अति षोडशीरूप भएकी, कल्पवृक्षमुनि बसेकी, रत्नसिंहासनमा विराजमान भएकी, देब्रेहातमा त्रिशूल घुमाइरहेकी, तीननेत्रले शोभित, गुञ्जाफल लिएकी देवीको स्वरूप विचित्रको देखिन्छ । कैंची र नरमुण्डमालाले शोभित भएकी देवी अग्ली छिन् । घोररूप भएकीले डरलाग्दो देखिन्छिन् । चन्द्रमुखीदेवीको मुखमा मासु, रगत समेत अड्केको प्रतित् हुन्छ । धर्ममुद्रामा रहेकी वज्रयोगिनी देवीले कमल र कलश धारण गरेकी छिन् । साँखुमा बस्नेहरू यी देवीलाई आफ्नो कुलदेवीका रूपमा हेर्छन् र नित्य उपासना पनि गर्छन् । अघि मणिचूड पर्वतबाट यिनको उदय भएको हो भन्दछन् । वज्रयोगिनी मन्दिर परिसरमा प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन ठूलो मेला लाग्छ । यो मेला एक हप्तासम्म चल्छ । योगिनीका दुई दिदी- बहिनीहरू छन् । माथिल्लो सत्तलमा रहेकी देवीलाई खटमा राखेर साँखु बजारमा ल्याइन्छ । ७ दिनसम्म साँखुबजारमा चहलपहल बढी हुन्छ । वरिपरिका असंख्य श्रद्धालु भक्तजनहरू यहाँ दर्शन गर्न आउँछन् । विशेषगरी स्थानीय नेवार समुदायमा चाहिँ यो एउटा विशेष पर्व नै हुन्छ । टाढा-टाढा रहेका आफन्तहरू पनि यतिवेला यहाँ आएर आफन्तहरूसँग भेटघाट, खानपिन, मनोरञ्जन र देवीको दर्शन गर्ने गर्छन् । देवीलाई बजारमा ल्याउँदा सिँहिनी, ब्याघ्रिणी र त्यहाँ रहेको बुद्धस्तूपलाई पनि खटमा राखेर ल्याइन्छ । वज्रयोगिनीमन्दिरसँगै रहेको चैत्य गुं विहारको चैत्य मानिन्छ । अघि लिच्छविकालमा वज्रयोगिनी रहेको स्थानलाई गुं विहार भन्ने गरिन्थ्यो । प्राचीन समयदेखि आम नेपालीहरू हिन्दु र बुद्धधर्मलाई आत्मासात् गर्थे भन्ने स्पष्टोक्ति यसबाट मिल्छ । वज्रयोगिनीदेवी मन्दिर नजिकै रहेकी सरस्वती देवीको पनि पूजा-उपासना गर्ने गरिन्छ । तर, कोभिड-१९ का कारण यसपालिको स्वस्थानी मेलामा समस्या आएको छ ।

## सामाजिक सञ्जाल



**- नारायण शर्मा**

देउवाले ६ महिनामा १७७ किमि सडक कालोपत्रे गरेको दाबि गरेका छन् । यो १७७ किमी भनेको त करिब काठमाडौंदेखि पोखरासम्मको दुरी हो । यति लामो सडक कहाँ–कहाँ कालोपत्रे भएछ ? जबकी भौतिक मन्त्रालयले विनियोजित बजेटको १३.१८ प्रतिशत मात्रै खर्च गर्न सकेको छ ।



**- भीम रावल**

प्र.म. देउवाको भाषण ध्यानपूर्वक पढियो । राष्ट्रिय हित, स्वाधीनता र स्वाभिमानसम्बन्धी संवेदनशील र जनसरोकारका विषयमा पुरै मौन ! कसैले घाँटीमा अँठ्याए जस्तो, कुर्सी जाने डरले लम्पसार पथमा कायरले पाइला टेके जस्तो, संविधान र लोकतन्त्रको पक्षमा चुनावबारे स्पष्ट बोल्न नसकी कब्जियत भए जस्तो !



**- राजन कुमार दाहाल**

जोर विजोर प्रणालीको आइडिया सिड्डिओ साबहरूलाई कसले दिन्छ होला ? अनि सिड्डिओ साबहरूको यस्ता निर्णय सही भनेर मान्ने प्रधानमन्त्री अध्यक्ष रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषदका दशौं सदस्यहरू किन चुपचाप बस्नुहुन्छ होला ? एउटा कौतुहलता ।



**- अतुल मिश्र**

तेस्रो लहर शुरू भएयता शुक्रबारसम्म ३४ जनाको मृत्यु भएकोमा ३० जना अर्थात् ८८.२३ प्रतिशत खोप नलगाएका छन् । मृत्यु टेण्ड हेर्दा अधिकांश खोप नलगाएका वा लगाए पनि ज्येष्ठ नागरिक, प्रतिरोधक क्षमता कम भएका, दीर्घरोगीले ज्यान गुमाइरहेका छन । वीरमा पछिल्लो ३ दिनमा मृत्यु भएका ५ जना खोप लगाएका थिएनन् ।



**- धनराज गुरूङ**

मन्त्री जस्तो जिम्मेवार पदमा बसेर हिंसा भड्काउने गैरजिम्मेवार अभिव्यक्ति दिएको यतिका दिनसम्म पनि न मन्त्री स्वयंले सार्वजनिक रूपमा माफी मागेको सुनियो, न सम्बन्धित दलले कारबाही गरेको सुनियो, न त प्रधानमन्त्रीले बर्खास्त गरेको सुनियो ! अति गरे खती हुन्छ भन्छन् है ।

## टिप्पणी



● खिमराज गिरी

# हाँसको चाल, न कौवाको !

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको दाउ छ, पहिला संघीय चुनाव गराउन पाइयो भने गठजोड भएको बेला भागमा बिलो अलि आउँछ र कम्सेकम जनताको अगाडि साख त बलियो हुन्छ । अनि एमसीसी पनि छलिने, पछि स्थानीय चुनावमा आफु अनुकूलको रणनीति तय गर्न सकिने ।

> संविधान अनुकुल कुन चुनाव गरिने हो वा कोरोना महामारीलाई हेर्दा चुनाव गर्ने अवस्था होइन, त्यसमा कसैको बहस छैन ।

अहिले देशको राजनीतिक अवस्था फेरि पनि बिग्रदो स्थितिमा छ । अब तीनै तहको चुनाव नजिकिदै गर्दा आउँदो वैशाख महिना भित्र पहिला स्थानीय तह र त्यसपछि आउँदो मंसिरमा प्रदेश र संघको चुनाव गर्नै पर्ने संवैधानिक बाध्यता छ । तर, गठजोड सरकारका नेताहरु देशको आर्थिक, सामाजिक तथा राजनीतिक स्थिति झन् बिग्रदो अवस्थामा भए पनि उनीहरु भने फेरि पनि सत्ता प्राप्तीको खेलमा आ-आफ्नै स्वार्थमा फुटबल खेल्ने दाउमा छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको दाउ छ, पहिला संघीय चुनाव गराउन पाइयो भने गठजोड भएको बेला भागमा बिलो अलि आउँछ र कम्सेकम जनताको अगाडि साख त बलियो हुन्छ । अनि एमसीसी पनि छलिने, पछि स्थानीय चुनावमा आफु अनुकूलको रणनीति तय गर्न सकिने ।

उता शेरबहादुर देउवा भने स्थिति जेसुकै भएपनि सत्ताको बागडोर सम्हालिराखेका छन् र ढुक्क छन कि, कम्युनिस्टको बिग्रह शुरु भइसकेको यो अवस्थामा भैंसीले पाडो या पाडी जे पाए पनि बेगुती खाने आफु नै हो । यता एमालेको अडान छ, संविधानबमोजिम तोकिएको समयमा नै स्थानीय, प्रदेश र संघको चुनाव गराउनै पर्छ भन्ने अन्यथा, विगतमा उसलाई गठजोडले सताएकै थियो ।

सबैका आ-आफ्ना दाउ चलिरहँदा मुलुक भने कहाँ पुगेको छ, यी सबैलाई ध्यान छैन । हामी नेपाली आज कुन अवस्थामा छौं दलहरुलाई चेत छैन । कोरोना महामारीले बिग्रदो हाम्रो अवस्थाप्रति कसैले ध्यान दिएको छ । आज हाम्रो अर्थतन्त्र निकै नाजुक अवस्थामा छ । आगामी समय थप कस्तो संकट आउने हो निश्चित छैन । तर, दलहरुको भने आ-आफ्नो दाउ मात्रै चलिरहको छ । संविधान अनुकुल कुन चुनाव गरिने हो वा कोरोना महामारीलाई हेर्दा चुनाव गर्ने अवस्था होइन, त्यसमा कसैको बहस छैन । मात्रै आफ्ना एजेण्डामा कसरी जित हात हात पार्ने भन्ने मात्रै ध्याउन्न छ ।

